# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७९/०८०
च.नं. २८४५

मिति: ०७९।११।२९

श्री जो जस सँग सम्बन्धित छ ।

**विषयः युवा प्रतिभा खोजि तथा प्रोत्साहन कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्वदेश मिडिया क्लब माडि न.पा ३ बसन्तपुर को यसै साथ संलग्न मिति ०७९।११।१३ गतेको पत्रानुसार युवा प्रतिभा खोजि तथा प्रोत्साहन कार्यक्रममा सहभागि हुन चाहने १६ देखि ४० बर्षका युवाहरुको तोकिएको कागजात सहित सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

शम्भू प्रसाद पौडेल
नगर शिक्षा अधिकारी
अधिकृत स्तर दशौं

बोधार्थ
श्री सुचना प्रविधि शाखाः सबै वडा कार्यालयहरुमा सुचना सम्प्रेषण गरिदिनुहुनका साथै राप्ती न.पा को वेबसाइट र फेसबुक पेजमा सुचना अपलोड गरि सहयोग गरिदिनु हुन ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

जि.प्रशा.का.चि.द.नं.: ३३/०७७/०७८

पान: ६१४७२५८७०

# स्वदेश मिडिया क्लब

माडी नगरपालिका-३, बसन्तपुर, चितवन

फोन : ०५६-५०१०६०

प.सं.:
च.नं.: 102/075/080

मितिः २०७९ फाल्गुन १३ गते

श्री राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन

**बिषयः युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

उपर्युक्त बिषयमा, राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुर, जिल्ला युवा समिति चितवन र माडी नगरपालिकाको आर्थिक बर्ष २०७९।८० अन्तर्गतको संघिय सशर्त कार्यक्रम अन्तरगत यस स्वदेश मिडिया क्लबको आयोजकीय व्यवस्थापनमा जिल्ला स्तरीय प्रतियोगिताका लागि १६-४० बर्ष समूहका युवाहरूलाई **"समृद्ध राष्ट्र निर्माणमा युवाका बिचारहरू"** शीर्षकमा प्रस्तुतिकरण माडी नगरपालिकामा सञ्चालन गरी उक्त प्रतियोगिताबाट छनौट भएका दश उत्कृष्ट IDEA हरूलाई राष्ट्रिय युवा परिषद्को कार्यालय काठमाडौंमा पठाउनुपर्ने भएकाले त्यस नगरपालिकामा नव परिवर्तनशिल विचार भएका युवाहरूलाई कार्यक्रममा सहभागी गराई विचार प्रष्फुटन गर्न सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

**तपशील (आवश्यक कागजातहरू)**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- जन्म दर्ताको प्रमाणपत्र (नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि नभएको खण्डमा)

**प्रतियोगिता संचालन**

- मिति : २०७९ चैत २ गते बिहीबार
- समय : बिहान ११ बजेदेखि
- स्थान : होटल प्याराडाइज, बसन्तपुर बजार, माडी

**नगद पुरस्कार (प्रमाणपत्र सहित)**

प्रथमः रू. १०,०००।-, दोश्रोः रू. ७,०००।- र तेश्रोः रू. ४,०००।- (नियमानुसार करकट्टी हुने)

(थप जानकारीका लागि कार्यक्रमका श्रोत व्यक्तिः मोहन पोखेल, मोबाइलः ९८६५४३०००३)

देव नारायण शाह
अध्यक्ष, स्वदेश मिडिया क्लब
मोबाइलः ९८५१०४६३७५